जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ८१ २०८० साल कात्तिक ९ गते बिहीबार (26 Oct. 2023 Thursday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा सौँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : योग्यताको कसीमा विधागत... ३ पृष्ठमा : चाडपर्व, अपराध र ... ३ पृष्ठमा :गाजामा इजरायली हवाई आक्रमणबाट ...

## मोटरसाइकलको ठक्करबाट दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

सप्तरीमा सोमबार र मंगलबार गरि दुई जना व्यक्तिले मोटरसाइकल दुर्घटनामा ज्यान गुमाएका छन् ।

जिल्लाको सप्तकोशी नगरपालिका ११ भगनी मलेठस्थित सडकमा रोकीराखेको पिकअपमा मोटरसाइकल ठोकिदा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

बा.१०च.७१६४ नम्बरको पिकअपमा को.२८ प ५६१२ नम्बरको मोटरसाइकल मंगलबार राती ठोकिदा मोटरसाइकल चालक सोही नगरपालिका ९ कमलपुर बस्ने २३ वर्षीय दिपेन्द्र शर्मा मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको स्थानिय धर्मेश्वर अस्पताल ठेलिया हुँदै न्यूरो अस्पताल बिराटनगरमा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । हाल फरार पिकअप चालकको प्रहरीले खोजी गरिरहेको छ ।

यता जिल्लाकै छिन्नमस्ता गाउँपालिका १ बरहि चौकमा सोमबार राती बा.०१-०१६ प ४७२२ नं.को मोटरसाइकल पहिचान नखुलेको अन्दाजी २४/२५ वर्षिय पुरुषलाई ठक्कर दिदा मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार अपरिचित व्यक्तिलाई ठक्कर दिदा उनको घटनास्थलमै मृत्यु भएको तथा कानूनी प्रक्रिया पुरा गरी लासलाई गजेन्द्र नारायण सिहं अस्पतालमा पोष्टमार्टमका लागी राखिएको छ ।

प्रहरीले ठक्कर दिने मोटरसाइकल र चालकलाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## प्रहरी जवानद्वारा गोली हानी आत्महत्या

**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

सुनसरीको कोशी गाउँपालिका ४ कोशी कटानमा बुधबारराति एक प्रहरी जवानले गोली हानेर आत्महत्या गरेका छन् ।

मृत्यु हुनेमा सप्तरीको रुपनी गाउँपालिका २ घर भई कोशी गाउँपालिका ४ कोशी कटानमा कार्यरत प्रहरी जवान अमितेश मण्डल रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

रातिको समयमा सुत्ने कोठामा कोही नभएको मौकामा पेस्तोलले टाउकोमा गोली हानेर आत्महत्या गरेको प्रहरीले जनाएको हो ।

घरायसी तनावका कारणले प्रहरी जवान मण्डलले गोली हानेर आत्महत्या गरेको जनाइएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

## सुमो दुर्घटना हुँदा १३ भारतीय तीर्थयात्रु घाइते

मनहरी, ८ कात्तिक (रासस) ।

भारतबाट नेपाल घुम्न आएका १३ तीर्थयात्री मकवानपुरमा दुर्घटनामा परी घाइते भएका छन् ।

इन्द्रसरोबार गाउँपालिका-५ मकैबारीस्थित कुलेखानी-मातातीर्थ काठमाडौं जाने भित्री सडकखण्डमा मंगलबार बिहान ३:३० बजे वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको मधेस प्र.०३-००१ज०२८३ नम्बरको सुमो आफैं अनियन्त्रित भई दुर्घटना भएको मकवानपुरका प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले बताउनुभयो ।

सुमो सडकबाट अन्दाजी २० मिटर तल खोल्सामा खसेको र सुमो चालक बारा जिल्लाको कलैया नगरपालिका-२१ बस्ने वर्ष २५ को अनिलकुमार शाह ( प्रहरीको नियन्त्रणमा) रहेको उहाँले जानकारी दिनुभयो । सुमोमा सवार घाइते सबै भारतीय तीर्थयात्रु रहेको र घाइतेको उपचारका लागि काठमाडौं पठाइएको प्रहरी नायब उपरीक्षक भण्डारीले बताउनुभयो ।

## सुरक्षाकर्मी परिचालन गरेर दुर्गा मूर्ति विसर्जन



मलङ्गवा, ८ कात्तिक (रासस) ।

सर्लाही सदरमुकाम मलङ्गवामा बुधवार व्यापक सुरक्षाकर्मी परिचालन गरेर दुर्गा माताको मूर्ति विर्सजन गरिएको छ । विगतमा मूर्ति विर्सजन गर्न जाने क्रममा दुई समुदायबीच मलङ्गवामा विवाद उत्पन भई साम्प्रदायिक दङ्गा भड्किएपछि बुधबार विशेष सुरक्षा व्यवस्था अपनाएर मुर्ति विसर्जन गरिएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले जानकारी दिनुभयो ।

यसवर्ष मलङ्गवासहित सर्लाहीमा ६५ ठाउँमा दुर्गा माताको मूर्ति बनाएर पूजा आयोजना गरिएको उहाँले बताउनुभयो । मूर्ति विसर्जनमा यसवर्ष सर्वसाधारणको सहभागिता घटेको थियो ।

विगत वर्षको मार्गमा दुर्गाजीको मूर्ति घुमाउन सुरक्षाकर्मीले दिएनन् । यसमा आपत्ति जनाउँदै अधिकांश सर्वसाधारण मूर्ति विर्सजनमा सहभागी नभएको स्थानीय सुधीर शर्माले जानकारी दिनुभयो । यसअघि मलङ्गवामा विश्वकर्मा पूजा र गणेश पूजामा मूर्ति विसर्जन गर्न जाँदा दुई समुदायबीच झड्प भई कर्फ्यु आदेश नै जारी गर्नुपरेको थियो ।

मार्गबारे विवाद भएपछि मलङ्गवाको जिल्ला विकास चोकको मूर्ति विर्सजन गर्न सर्वसधारण नआएर ढिलाई

*बाँकी अन्तिम पृष्ठमा*

## दुर्गा मूर्ति विसर्जनमा गएका दुईको डुबेर मृत्यु, एक बेपत्ता

भैरहवा, ८ कात्तिक (रासस) ।

दुर्गा मूर्ति विसर्जन गर्न घाट गएका दुई जनाको डुबेर मृत्यु भएको छ। मृत्यु हुनेमा कोटहीमाई गाउँपालिका वडा नम्बर १ बस्ने २४ वर्षीय अजयकुमार नाउँ र १८ वर्षीय अजय राजभर रहेको रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक भरतबहादुर विश्वकर्माले जानकारी दिनुभयो ।

सोही स्थानका २० वर्षीय सन्तकुमार राजभर अझै बेपत्ता रहेको उपरीक्षक विश्वकर्माले बताउनुभयो । बेपत्ता सन्तकुमारको खोजी भैरहेको उहाँले बताउनुभयो ।

रुपन्देही कोटहीमाई गाउँपालिकामा रहेको दानव र तिनाउ नदीको संगममा मर्चवार क्षेत्रको दुर्गा मूर्तिहरू विसर्जन हुँदै आएको छ ।

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो।

एक-अर्काको धर्म-संस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं।

एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-सौँस्कृतिक सहिष्णुता कायम राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# योग्यताको कसीमा विधागत पत्रकार

**विनोद ढुङ्गेल**

काठमाडौँ, ८ कात्तिक (रासस) ।

मिडिया क्षेत्र संस्थागत नहुँदा नहुँदै पनि र पत्रकारहरूको पेशागत सुरक्षाको अवस्था दुरुह रहँदा रहँदै पनि नेपालमा केही वर्षयता पत्रकारको योग्यताका मामिलामा मन्द बहस जारी छ । कसैले पत्रकार हुनका परीक्षा दिनुपर्ने तर्क दिइरहेका छन् भने कसैले त्यसको विरोध गरेका छन् ।

परीक्षा-पक्षधरहरूको तर्कअनुसार कानून व्यवसायी, चिकित्सक, इन्जिनीयर, शिक्षक मात्र नभएर सवारी चालकसम्मले परीक्षा उत्तीर्ण गरेर मात्र पेशागत अभ्यास गर्न पाउँछन् भने व्यापक प्रभाव राख्ने सीपमूलक पेशाकर्मी पत्रकार किन अपरीक्षित ? ठीक विपरित जिकीरअनुसार संविधान-प्रदत्त विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकजस्ता मौलिक अधिकारको अभ्यासकर्ता पत्रकारितामा प्रवेश गर्नै बारबन्देज गर्नु नागरिक हकको प्रतिकूल हो । यी दुईथरि मत पेशाको गुणस्तरीयता कायम गर्ने र नियन्त्रण वर्जित गर्ने हदसम्म मात्र सीमित नभएर कतिपय अवस्थामा उच्च शिक्षा प्राप्त र अप्राप्त पत्रकारहरूको मतको रूपमा समेत अभिव्यक्त हुने गरेका छन् । यस मामिलामा सम्पादकहरूको अनुभव भने यथार्थ अलि फरक पाइन्छ ।

उनीहरूका अनुसार कक्षा कोठामा कुशल भनिएका पत्रकारिताका विद्यार्थी समाचार कक्षमा कमजोर पाइएका छन् । तर, त्यस्ता विद्यार्थी भने तिनै सम्पादकको शैक्षिक योग्यतामाथि खिसीट्यूरी गरिरहेका भेटिन्छन् । यो आम पत्रकारिताको कुरा भयो । केही हप्तायता विशेषज्ञ पत्रकारिता अर्थात विधागत पत्रकारिताका बारेमा आमसञ्चारका माध्यममा मेरा आलेखहरू प्रकाशित भइरहँदा मैले भने केही फरक प्रतिक्रिया पाएको छु । ती प्रतिक्रिया विश्वविद्यालयको प्रमाणपत्र वा कुनै परीक्षा प्रणालीको पक्ष वा विपक्षमा छैनन् । त्यसअनुसार, विधागत पत्रकारिता गर्नका लागि आमरुपमा पत्रकारका लागि चाहिने गुण, विशेषता, सीप, क्षमता आदि त चाहिन्छन् नै; त्यस अतिरिक्त यो विशिष्टीकृत क्षेत्र भएकाले अरू विशिष्ट योग्यता, विशेषता, सीप र क्षमता पनि जरुरी हुन्छ । हो, वास्तवमै आम पत्रकारको आँखामा वाञ्छनीय ठानिएका गुण विशिष्टीकृत क्षेत्रका लागि त अत्यावश्यक तत्व नै हुन् ।

विशिष्ट गुणका कारणले नै विधागत पत्रकारितालाई विशिष्टीकृत पत्रकारिता मानिएको हो । "विधागत पत्रकारितामा विषयगत ज्ञान र सीपका साथै खास तथ्य वा सन्दर्भसँगै सञ्चारशैली र सूचना प्रवाहको खासखास धार हुन्छन्" भन्नु हुने नेपाली पत्रकारहरूका गुरू प्राध्यापक रामकृष्ण रेग्मीले 'उहिलेको पत्रकारिता' मा उल्लेख गरेअनुसार प्रत्येक विधामा 'विशेष मर्म, मौलिक मूल्य र मान्यता' हुन्छन्, जसको जगेर्ना पत्रकारिताले गर्नै पर्छ । जनसम्पर्क र सूचनाको स्रोतका लागि त विधागत पत्रकारले पनि आम पत्रकारले जस्तै विधि अपनाउँछन् । विषयवस्तुसँग परिचित हुने हुनाले विधागत पत्रकारहरू विषयवस्तुको भित्री तहसम्म पुग्नैपर्छ । त्यसैले उनीहरूले सीधा तथ्यको रिपोर्टिङ्का अतिरिक्त अन्तर्यमा पुगेर भित्री कथा र टिप्पणी पनि दिनसक्नुपर्छ । व्यापक स्रोतहरूसँगको सु-सम्बन्ध नै गतिला समाचारका आधार हुन् । सम्बन्ध कायम नरहे विश्वास कायम रहँदैन ।

विधा विशेषमा अनुभवी पत्रकारले सो विधामा आधिकारिक रूपमा लेख्न सक्छ । यो नै सबैभन्दा ठूलो तागत हो । आ-आफ्नो बिटका कानून, नीति, कार्यक्रम र तिनको कार्यान्वयनको अवस्थाबारे सबै बिटका पत्रकारलाई ज्ञान हुनु जरुरी छ । दर्जनौं पुस्तकका सम्पादक तथा प्रतिष्ठित अमेरिकी पत्रकार क्रिष्टोफर स्क्यानलानका विचारमा विधागत पत्रकारले आफ्नो विधाका समाचारका स्रोत चिन्नुका साथै भाषा र प्रक्रिया पनि सिक्नुपर्छ । शब्द, शैली, संस्कृति, संकेत, संवेदनशीलता, सबलता/दुर्बलतासमेत बुझ्नु त्यस्तो पत्रकारको आवश्यकता हो । त्यसैअनुसारको विशिष्ट/प्राविधिक शव्दावली र तिनको अर्थ, कार्यस्थलको वातावरण आदि पनि जान्नुपर्छ ।

टेक्सस युनिभर्सिटीका पत्रकारिताका प्राध्यापक डेभिड राइफका अनुसार, पत्रकारलाई कुनै बीटमा रिपोर्टिङ् गराउँदा सञ्चार संस्थाको लगानी हुन्छ र पत्रकारहरू निपूर्णता हासिल गर्न मनैदेखि लागेका हुन्छन् । त्यो भनेको मूलतः मिडिया हाउसको आर्थिक लगानी हो भने पत्रकारको समय, श्रम र भावनाको लगानी हो । आफ्नो बिटमा कुनै घटना हुने बित्तिकै स्रोतहरूबाट तत्काल जानकारी लिनु र समय-सीमाभित्र लेखिसक्नुलाई सम्पादक स्क्यानलान 'पत्रकारको ठूलो तागत' ठान्छन् ।

स्रोतलाई सधैं खुशी राख्न सम्भव नहुन सक्छ तर सम्बन्ध कायम राख्न भने आवश्यक नै हुन्छ । विधागत पत्रकारिताका अनुसन्धानकर्ताहरूले बीट रिपोर्टर र समाचार-स्रोतबीच व्यावसायिक दूरी कायम राख्नमा तीन वटा जोखिम देखेका छन् । मेलानी म्यागिन र पिटर मौररले 'अक्सफोर्ड रिसर्च इन्साइक्लोपेडिया अफ कम्युनिकेशन'मा उल्लेख गरेअनुसार पहिलो हो- बिट रिपोर्टरहरू स्रोतप्रति धेरै बफादार भएमा स्रोतले प्रयोग गरिदिनसक्छ । दोस्रो- पत्रकारहरू स्रोतप्रति धेरै विरोधी भए पनि पाठक/दर्शक/स्रोतालाई मन पर्दैन र पत्रकारले विश्वास गुमाउन सक्छन् र तेस्रो जोखिम हो- बिट रिपोर्टरले आफूलाई उनीहरूको स्वार्थका पक्षधर जस्तो ठान्न थाले भने तिनीहरू कार्यकर्ता हुन पुग्छन् । यी तीन वटै अवस्थाले पत्रकारितालाई क्षय नै गर्छन् ।

त्यसो भए विधागत पत्रकारितालाई कसरी प्रभावकारी बनाउने त ? पत्रकारिताको २५ वर्षभन्दा लामो समय अनुभव सँगालेका अमेरिकी प्राध्यापक टोनी रजर्स त्यसका लागि चार वटा उपाय पेश गर्छन् । उनका अनुसार, पहिलो उपाय हो- आफ्नो बीटको बारेमा चाहिने सबै कुरा सक्दो सिक्न र जान्नका लागि यस क्षेत्रका धेरैभन्दा धेरै मानिससँग कुरा गर्नु र पढ्नुपर्छ । प्राविधिक विधामा काम गर्ने पत्रकारका लागि यो विशेष चुनौतीपूर्ण छ ।

तर, पत्रकारले पनि वैज्ञानिकले जति नै जानेको होस् भनेर कसैले अपेक्षा गर्दैन । पत्रकारले आम गैरप्राविधिक मान्छेले जति भने जान्नै पर्छ । त्यति भएमा प्राविधिक मान्छेसँग ठीक प्रश्न सोध्न र उसका जवाफलाई सबैले बुझ्ने गरी सम्प्रेषण गर्न सक्ने हुन्छ । दोस्रो उपाय, आफ्नो बिटका खास-खास खेलाडी को-को हुन् भनेर सकेसम्म बढी जानकारी राख्नु पर्छ । तेस्रो-आफ्नो बिटका मान्छेलाई समान्यरूपमा चिन्ने मात्र हैन, तीमध्ये केहीलाई भरपर्दो समाचार-स्रोत बनाउनुपर्छ । समाचार-स्रोत गतिलो नभएको पत्रकारसँग वास्तवमा केही पूँजी नै हुँदैन ।

पत्रकारहरूको एउटा कमजोर पक्ष हो, समाचारको स्रोत "ठूलो" हुनुपर्छ भन्ने भ्रम । हो, ठूला समाचार ठूलै ठाउँमा पाक्छन् । त्यसको अर्थ त्यो कुरा "ठूला"हरूबाट मात्र थाहा पाइन्छ भन्ने होइन । सहायक कर्मचारी ठूला समाचारका स्रोत हुन सक्छन् । महत्वपूर्ण कागजात र अभिलेख तिनैसँग हुन्छन् । उदाहरणका लागि- प्रधानमन्त्रीको किनमेलको विवरण सुरक्षागार्डबाट पाउन सकिन्छ भने राष्ट्रपतिको स्वास्थ्य अवस्थाको जानकारी अस्पतालका नर्सले दिन सक्छन् । नेपाल आएका विदेशी सेलेब्रिटीसँग पहुँच नपाए पनि उनीहरू बसेको होटलका बेयरा पत्रकारको पहुँचमा हुन सक्छन् ।

स्रोतसँग बलियो सञ्जाल विकास गरेका बिट रिपोर्टर समाचार-स्रोतको रुचिअनुरुपका सामग्री मात्र लेख्ने चेपुवामा पर्ने खतरा त छँदैछ । त्यस्तो अवस्थामा पत्रकारले के गर्ने त ? आफैँलाई केही प्रश्न सोध्नुभन्दा राम्रो उपाय केही हुन सक्दैन । प्रश्न सामान्य हुन्छन् । जस्तै : यसले मेरा पाठक/स्रोता/दर्शकलाई कस्तो प्रभाव पर्ला ? तिनले के सोच्लान् ? यो उनीहरूलाई चाहिने कुरा हो कि होइन ? यस्तै-यस्तै । जवाफ नकारात्मक आए भने स्पष्ट छ, त्यो समाचार आवश्यक छैन ।यसबाहेक पनि प्रभावकारी बिट रिपोर्टिङ्का विभिन्न उपाय हुनसक्छन्, अलिकति तिनको चर्चा गरौं ।

पहिलो हो, सिधै पाठक/दर्शक/स्रोतासँग कुरा गर्नु । तिनका छिमेकी, साथी-सङ्गी र पाठकका आफन्तका बारेमा पनि स्थानीय समाचार-कथाहरूले रिपोर्ट गर्छन् । तर, तिनका बारेमा कुरा गर्ने होइन, सिधै पाठक/दर्शक/स्रोतासँगै कुरा गर्ने उपाय अपनाउनुपर्छ । अर्को हो, पत्रकार पहरेदार हो, पहरेदार नै बन्नुपर्छ । विधागत पत्रकार मार्गदर्शक पनि बन्नसक्छ । परम्परागत रूपमा पत्रकारिताले अधिकारीहरूलाई जवाफदेही बनाउँछ । यसबाहेक असल र सिर्जनशील पत्रकारले समुदायलाई समाधान र प्रगतिको बाटो पनि देखाउन सक्छ ।

रिपोर्टिङ्मा ध्यान केन्द्रित गर्नु प्रभावकारी बिट रिपोर्टिङ्को अर्को उपाय हो । छोटा समाचार-कथालाई पनि राम्रोसँग विकसित गर्न सकिएमा गहन-रिपोर्टिङ हुनपुग्छ । गहन रिपोर्टिङ्मा व्यक्तित्वका सूक्ष्मता र नगण्य जस्ता लाग्ने विषय पनि सङ्कलन गरिन्छ । वास्तवमा यस्ता विवरण महत्वपूर्ण र रोचक हुन्छन् । समाचार-कथाको प्रमुख तत्वलाई अगाडि प्रस्तुत गरेर त्यसपछि मात्र घटनाको पुनः वर्णन गरियो भने 'पानी-घडी' जस्तो संरचना बन्छ, त्यो पाठकका लागि रुचिकर हुन्छ ।

जटिल समस्या आए अनुवाद गर्नैपर्छ । बिट रिपोर्टिङ्ले पाठक/दर्शक/स्रोताका जटिल समस्याको गाँठो फुकाइदिन्छन् भन्ने अपेक्षा गरिन्छ । त्यसका लागि पत्रकारले अनावश्यक पृष्ठभूमि नहाली आवश्यक विवरण मात्र दिनुपर्छ । मानवीय विवरण समाचार-कथाको मूल मर्म हो । अधिकांशतः स्थानीय वा बिट रिपोर्टहरूमा चित्रित व्यक्ति स्थानीय बासिन्दा हुन्छन् । स्थानीय सहज सार्वजनिक ठाउँहरूमा भेटिने उनीहरूप्रति निकटता देखाउनैपर्छ । सांस्कृतिक अन्तर्दृष्टि अर्को महत्वपूर्ण पक्ष हो । स्थानीय समाचारमार्फत स्थानीय संस्कृतिबारे थाहा पाउने र त्यसलाई विकास गर्ने प्रयास गर्नुपर्छ । यसो गर्दा टाढाका पाठकलाई पनि समाचार-कथाले नजिक ल्याइपुऱ्याउँछ ।

यसै पनि पत्रकार भनेका पाठक/श्रोता/दर्शकका आँखा हुन् । उनीहरूलाई हेर्ने बनाउनु र उनीहरूकै ठाउँबाट उनीहरूलाई संसार देखाउन सक्नु हरेक लेखकका लागि चुनौती हो । त्यसका लागि विधागत पत्रकार सदैव तम्तयार रहनुपर्छ । यसअलावा, आफ्नो विधाका समाचारलाई आफू संलग्न मिडियाको प्राथमिकतामा माथि पार्नमा विधागत पत्रकारले सदैव ध्यान दिनुपर्छ । समाचार तथा सूचनाका स्रोत हुनसक्ने स्थानीय, प्रादेशिक तथा राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाको सम्पर्क-सूची बनाउनु र तीमार्फत गहिरो समाचार ल्याउनु यसका लागि एउटा उपाय हो । सूचनाको चाङ्बाटै समाचारीय महत्व र प्राथमिकता निर्धारण हुने हो ।

विधागत पत्रकारहरूले स्रोतको पहिचान गर्ने, इन्टरनेटमार्फत समाचार तथा सूचना पत्ता लगाउने तर नचाहिएको सूचनामा बरालिनबाट जोगिनेमा बढी नै ध्यान दिनु पर्छ । त्यसैगरी स्थानीय तथा प्रादेशिक सन्दर्भका सामग्रीलाई राष्ट्रिय महत्वका सामग्रीको रूपमा विकास गर्ने तथा अन्तर्राष्ट्रिय घटनालाई राष्ट्रिय मिडियामा सान्दर्भिक बनाउने अक्कलमा विधागत पत्रकारको खास योगदान हुनसक्छ ।

अन्तर्राष्ट्रिय सूचनाका सही स्रोत थाहा पाउने, अन्तर्राष्ट्रिय र राष्ट्रिय सरकारी तथा गैरसरकारी प्रमुख संस्था पहिचान गरेर सूचनालाई समृद्ध बनाउने, शक्तिशाली व्यक्ति तथा संस्थाको प्रभावबाट मुक्त रहेर नागरिक-केन्द्रित पत्रकारिता गर्ने जस्ता चुनौती पनि विधागत पत्रकारिताको अभ्यासमा निकै आइलाग्छन् । नीतिगत निगरानीका विषय पत्ता लगाउनु, त्यस निम्ति आफ्नो विधाका कानूनी तथा नीतिगत विषय/व्यवस्थाबारे चाल पाउनु, महत्वपूर्ण प्रतिवेदनहरूबाट समाचारीय महत्वका जानकारी भेट्टाउनु, केलाउनु र आधिकारिता जाँचेर पस्कनु विधागत अभ्यासका रोचक पक्ष हुन् ? कुनै पनि समाचार सामग्रीलाई मूलप्रवाहको अर्थात आम चासोको सामग्री बनाउन सकिने यिनै आधारमा हो ।

यसरी सैद्धान्तिकदेखि अनेक व्यावहारिक पक्षका बीच सफल विधागत पत्रकार बन्नेहरूका लागि मिडिया जगतमा स्थापित हुने अवसर प्रशस्तै देखिन्छन् । विधागत पत्रकारितामार्फत पनि पत्रकारिताको मूल प्रवाहमा स्थापित हुनसक्ने भविष्य मात्र हैन, प्रधान सम्पादक नै बन्न सकिने अवसर देखिइसकेको छ, देखिइरहेको छ । पेशागत नैतिक आचारको प्रतिकूल नहुने गरी सम्मानित वा पुरस्कृत हुने राष्ट्रिय संभावना त छँदैछ, बीट रिपोर्टिङ्मै अन्तर्राष्ट्रिय पुरस्कार पनि उपलब्ध छन् । कोलम्बिया विश्वविद्यालयले सन् १९९१ देखि २००६ सम्म दिएको 'बिट रिपोर्टिङ्का लागि पुलिट्जर पुरस्कार' त्यस्तो सबैभन्दा प्रख्यात पुरस्कार हो । सो पुरस्कार सन् २००७ यता बन्द गरिएको भए पनि 'स्थानीय रिपोर्टिङ्का लागि पुलिट्जर पुरस्कार' भित्रै बिट रिपोर्टिङ् समेटिन सक्ने ढोका खुलै छ ।

आवश्यक योग्यता, सीप र जाँगरसहित विधागत पत्रकारिता गर्दा पत्रकार सीमित हैन, धारिलो हुन्छ । त्यस्तो पत्रकारको न त अध्ययनको खोजी आवश्यक हुन्छ, न त उसको सीपका बारेमा प्रश्न गर्ने ठाउँ नै मिल्छ । बरू, ऊ त पत्रकारितामा मात्र नभएर उसको विशिष्टताको क्षेत्रमा समेत प्रतिष्ठित र स्थापित भएर निर्भिक पत्रकारिता गर्न योग्य हुन्छ । यसका लागि पत्रकारको पेशागत सुरक्षा भने आवश्यक हुन्छ । पत्रकारिताको संस्थागत विकासको वातावरण त त्यसको पूर्वशर्त नै हो । त्यसतर्फ अभिमुख हुने उद्देश्यका साथ अग्रसरतापूर्वक सार्थक वहस गर्नु जरुरी छ । अन्यथा पत्रकारको योग्यताको मन्द बहसको बाटोसम्म आइपुगेको नेपाली पत्रकारिता अन्य अपत्रकारीय मन्द विषको प्रभावमा जकडिन पुग्नेछ । त्यसो हुनु श्रम र पूँजीका लगानीकर्ताका लागि मात्र हैन, समग्र समाजकै अग्रगतिका लागि प्रतिकूल हुने पक्का छ । *( लेखक ढुङ्गेल पत्रकारिता र आमसञ्चार क्षेत्रमा सक्रिय हुनुहुन्छ)*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# चाडपर्व, अपराध र सावधानी

**शुक्रऋषि चौलागाई**

काठमाडौँ, ८ कात्तिक (रासस)।

यतिबेला बडा दशैंको रमभममा छौं। दशैं हिन्दू धर्मावलम्बीको महान पर्व पनि हो। दशैं लगत्तै तिहार र छठ पर्व पनि आउँदैछन्। दशैं र तिहारजस्ता चाड विशेष रुपमा र लामो अवधिसम्म पनि मनाइने गरिन्छ। यस्ता चाडपर्वका बेला धेरै जसो विदामा रहने गर्दछन्। विदेश गएका र रोजगार, व्यापार, अध्ययन आदिको क्रममा बाहिरिएकाहरू पनि यतिबेला आफ्नो गाउँघर फर्किएका छन्। अधिकांश व्यक्तिहरु आफ्नो मूल परिवार, पुर्ख्यौली थातथलोमै गएर चाडपर्व मनाउने गर्दछन्। वर्ष दिनमा आउने महत्वपूर्ण चाडपर्वमा धेरैजसो शहरमा बस्नेहरु गाउँ जाने गर्दछन्।

चाड पर्वका बेला धेरै मान्छे आफन्त भेटघाट, रमाइलोमा मस्त र व्यस्त पनि हुन्छन्। मान्छेको मनस्थिति पनि पर्वमय अर्थात उल्लासमय हुन्छ। सानादेखि ठूला, गरिबदेखि धनीसम्म सबै खुसी र आनन्दमा जुट्छन्। आफ्नो व्यवसायिक, पेशागत काम र जिम्मेवारी बोझबाट धेरैले खुकुलो भएको महसुस गरिरहेका पनि हुन्छन्। यही चाडपर्वको सहज समयलाई अपराधीहरु भने उपयुक्त समयका रुपमा भरपुर प्रयोग गर्न उद्यत हुन्छन्। कोही नभएकोमा यही मौकामा अपराधीले चोरी, लुटपाट जस्ता अपराध गर्ने गर्दछन्। चाडपर्वमा हुन सक्ने सम्भावित अपराध, प्रहरीको भूमिका र नागरिक कर्तव्यबारे यहाँ केलाउने प्रयास गरिएको छ।

**चाडपर्वमा बढ्दो अपराध**

चाडपर्वका बेला अनेकन खालका अपराधहरु हुन्छन्। विशेषतः दसैं, तिहारजस्ता चाडपर्वको मौका छोपी अपराधीहरुले विभिन्न अपराधका गतिविधिहरु बढाउने गर्दछन्। यस अवधिमा चोरी, लुटपाट, चन्दा असुली, तस्करी, कालोबजारी र सवारी दुर्घटनालगायतका घटना र अपराध बढी हुने गर्दछन्। प्रहरीका अनुसार, अघिपछिको समयभन्दा चाडपर्वको समयमा आपराधिक घटनाहरु अत्यधिक भएको पाइन्छ। अन्य समयभन्दा बढी चाडपर्वका बेला किनमेल बढी हुने भएकाले आर्थिक कारोबार पनि सोही अनुसार भइरहेको हुन्छ। बैंक, वित्तीय संस्था, सुनचाँदी पसलमा बढी भिडभाड बढने भएकाले ती क्षेत्रमा चोरी, लुटपाट हुने सम्भावना अधिक हुन्छ।

पूजापाठ बढी हुने भएकाले मठमन्दिर, धार्मिक स्थलमा पनि दर्शनार्थीको भिडसँगै चोरीका घट्ना पनि बढने सम्भावना रहन्छ। ओहोरदोहोर बढी हुने भएकाले यातायात सेवा सहज नहुन सक्छ। सवारी साधान भरीभराउ हुने भएकाले यात्रु ठगिन सक्ने, लुटिन सक्ने सम्भावना पनि उत्तिकै रहन्छ। राजमार्गमा लुटपाटका घटना पनि बढ्न सक्छन्। क्षमता भन्दा बढी यात्रु राख्ने सम्भावना भएकाले सवारी दुर्घटना पनि बढने हुन्छ। आजभोली सामाजिक सञ्जालको पनि अनावश्यक प्रयोग भइरहेको हुन्छ। आफू कुन दिन कहाँ जाँदै छु भन्ने कुरा सामाजिक सञ्जालमा असावधानीवश व्यक्त गर्दा चोर्ने मौका कुरेर बसेका व्यक्तिलाई थाहा हुन्छ र उनीहरू मौका छोपेर सोही समयमा घरमा चोरी गर्न सक्छन्। सामाजिक सञ्जाललाई पनि सही रूपमा सदुपयोग गर्न जानियो भने भने पनि केही हदसम्म हाम्रो धनजनको सुरक्षा हुन सक्छ।

**प्रहरीको थप जिम्मेवारी**

शान्ति, सुरक्षाको सुनिश्चितता गर्नु राज्यको दायित्व हो। आमजनताको जिउधनको सुरक्षा गर्नु र शान्ति सुरक्षाको वातावरण बनाउनु प्रहरीको प्रमुख काम हो। चाडपर्वका बेला सुरक्षा संवेदनशीलता बढ्ने हुँदा प्रहरी प्रशासन अरु बेलाभन्दा थप चनाखो र अग्रसर हुनुपर्छ। सम्भावित अपराधलाई मध्यनजर गरेर प्रहरी, प्रशासन बेलैमा सचेत र जिम्मेवार बन्न जरुरी छ। प्रहरी प्रशासनले चाडपर्व लक्षित छुट्टै र विशेष रणनीति योजना पनि बनाउने गर्दछ। हालै भएको दङ्गा (घटना)ले नेपालगञ्ज तङ्ग्रिँदैछ। बाँकेमा प्रशासन र प्रहरी प्रमुख नयाँ आउनु भएको छ। उहाँहरुको पछिल्लो सक्रियताले बिगतको जस्तो घटना पुनरावृति नहोस् भन्नेतर्फ सचेतता अपनाएको पाइएको छ।

जिल्ला प्रशासन कार्यालय बाँकेले चाडपर्व केन्द्रित सुरक्षा रणनिति सार्वजनिक गरेको छ। सम्भावित हिंसाको त्रासमा रहेको नगरको संवेदनशीलतालाई मध्यनजर गर्दै ड्रोन कयामरामार्फत सुरक्षा सतर्कता अपनाइएको हो। प्रहरीको भौतिक उपस्तिथिती हुन नसक्ने स्थानको समेत सुरक्षा अवस्था निगरानी गर्न प्रहरीले ड्रोन क्यामरा परिचालन गरेको हो। नेपाल प्रहरीका एक हजार १३ र सशस्त्र तर्फ ४ सय पन्ध्र प्रहरी परिचालन गरिएको बाँके प्रहरीले जनाएको छ। यस्तै सोअवधीमा हुन सक्ने सम्भावित चोरी, डकैती, अपराध लगायतका घटना तथा दुर्घटनाबाट सर्वसाधारणलाई सुरक्षा प्रदान गर्नका लागि पनि विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको जनाएको छ।

कतिपय अवस्थामा प्रहरीले आफू र आफनो योजनालाई बढ्ता चर्चामा ल्याउने काम पनि गर्दछ अर्थात प्रभावकारिताभन्दा पहिले नै सस्तो लोकप्रियता खोजिरहेको हुन्छ। अपराध नियन्त्रण योजना प्रचार गर्नु अपराधीहरुलाई दबावमा राख्ने हेतुले ठीक पनि हुन सक्ला। तर नाङ्लो ठटाएर हात्ती तर्साउने रणनीति प्रहरीले अपनाउन खोज्दा अपराधीहरु थप सचेत भएर अर्कै रणनीति पनि अवलम्बन गर्न सक्छन्। बढ्ता हल्ला गर्ने तर कार्यान्वयन नगर्ने हो भने जनताको विश्वास पनि गुम्ने हुन्छ। विगतको समीक्षा समीक्षासहित प्रहरीले नयाँ रणनीति लागू गर्नु पर्छ। आपराधिक घटना हुनै नदिन प्रहरी सचेत र तयार रहनु पर्दछ।

अपराध हुन सक्ने सम्भावित स्थानको पहिचान गरी गस्ती, सुराकी बढाउने, सम्भावित संलग्नहरुको अनुमान गरि विशेष निगरानी गर्ने पनि गर्नु पर्दछ। आपराधिक गतिविधि हुन नदिन पुर्व तयारी के कस्तो गर्ने, रोकथामका विधि के कस्तो, कसरी अपनाउने आदि प्रहरीले बेलैमा अवलम्बन गर्नु पर्दछ। चाडपर्वको मौसममा यात्रुहरुको आहोर दोहोर बढी हुने भएकाले यात्रुहरु लुटिन सक्ने, ठगिन सक्ने र दुर्घटनामा पर्न सक्ने सम्भावना प्रवल हुन्छ। भिडभाडमा पकेटमारहरु सक्रिय हुन्छन्। लुटपाट बढोत्तरी हुन्छ।

यस्तै यातायातका साधानमा पनि क्षमता भन्दाबढी यात्रु राख्ने गरिन्छ। यसका कारण लुटपाटसँगै सवारी दुर्घटना बढ्ने सम्भावना हुन्छ। यसतर्फ प्रहरी, ट्राफिक प्रहरीले विशेष कडाई र निगरानी बढाइनु पर्छ। बैंक, वित्तीय संस्था, सुनचाँदी पसलमा भिडभाड बढ्ने भएकाले ती क्षेत्रलाई प्राथमिकताका साथ सुरक्षा दिनुपर्ने हुन्छ। मठमन्दिरलगायतका धार्मिक स्थलमा पनि सुरक्षा सतर्कता अपनाइनुपर्ने हुन्छ। हतियार देखाएर लुटपाट गर्ने, पेय तथा नशालु पदार्थ खुवाएर बेहोस बनाएर लुटने भएकाले यसबाट जोगिन र आपराधिक गतिविधिको पहिचानका लागि चेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्नुपर्ने हुन्छ।

पछिल्लो समयमा शान्ति सुरक्षाका लागि आम नागरिकसँग प्रहरीले विभिन्न माध्यमबाट हातेमालो गरिरहेको छ। तथापि त्यसको प्रभावकारिता के कस्तो रह्यो ? त्यो भने त्यति सार्वजनिक गरिएको पाइँदैन। यस्तै चाडपर्वको अवधीमा पूजापाठ, मूर्ति स्थापना, मन्दिर रङरोगन आदिका नाममा जबरजस्ती पैसा उठाउने, चन्दा असुल्ने प्रवृति पनि बढ्दो छ। यसलाई नियन्त्रण र निरुत्साहित गरिनुपर्छ। साथै प्रहरीले राजमार्ग सुरक्षा गस्ती बढाउने, मादकपदार्थ सेवन परीक्षण अभियान तीव्र पार्ने, ट्राफिक नियमको पालन गर्न लगाउने लगायतका विशेष अभियान पनि सञ्चालन गर्नु पर्छ। आम जनतालाई के कसरी सुरक्षित राख्न सकिन्छ ? के कस्ता अपराधका प्रवृति देखा परेका छन् ? त्यसका बारे पनि प्रहरीले आम जनतालाई जानकारी गराउने र सचेत पार्नु पर्दछ।

**नागरिकको कर्तव्य**

कुनै स्वतन्त्र राज्य भित्रको भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने र सम्बन्धित मुलुकको सार्वभौमिक अधिकार प्राप्त व्यक्ति नै त्यो राज्यको नागरिक हुन्छ। नागरिक पनि बिना वर्दीको प्रहरी हो। यो भनाई पक्कै पनि त्यसै भनिएको हैन। नागरिक स्वयं सचेत र जागरुक भइदिने हो भने अपराधका आधा घटना त्यसै कम हुने प्रहरीको अनुभव छ। कुनै आपराधिक गतिविधिको सूचना सर्वप्रथम प्रत्यक्षदर्शीका रुपमा होस् या स्थानीयका रुपमा उसले नै पाउने हो, तसर्थ त्यस्ता अवाञ्छित र शङ्कास्पद गतिविधिको बेलैमा प्रहरीलाई खबर गर्न सके धेरै घटनाबाट जोगिन र जोगाउन सकिन्छ। तर हाम्रो समाजमा आफूलाई नपर्दासम्म कोही अघि सर्दैनन्। अपराधका घटनालाई पनि सामान्य ठानीदिन्छन् र आँखा चिम्लीदिने गर्छन्। यसले गर्दा अपराधमा संलग्नहरुको मनोवल बढ्ने र घटना पुनरावृति हुने सम्भावना हुन्छ। कतिपय अवस्थामा हाम्रै, आफ्नै कारणले पनि अपराधलाई बढवा मिलिरहेको हुन्छ। आफनो जीउधनको सुरक्षामा लाफरवाही गरिरहेका हुन्छौं, त्यसको फाइदा ती अपराधीले लिइरहेका हुन्छन्।

घर बाहिर, कहीं टाढा जानु छ भने बहुमूल्य वस्तु सुरक्षित राखिनु पर्छ। झ्याल ढोका बन्द गरिनु पर्छ। छिमेकीलाई रेखदेखका लागि सुचित पनि गर्नु पर्छ। आपराधिक क्रियाकलापको शङ्का लागेमा तुरुन्त प्रहरीलाई खबर गर्ने प्रवृति बसाल्नु पर्छ। आफनो चोरी भएको हैन, भनेर चुप लाग्ने गर्नाले चोरलाई थप हौसला मिल्ने हुन्छ। घटना पुनरावृति हुन्छ। चाडपर्वको समयमा सर्वसाधारण स्वयं जिउधनको सरक्षार्थ सचेत हुन जरुरी छ। यात्रामा निस्किदा महङ्गा गरगहना नलगाउने, ठूलो धनराशि नबोक्ने, आर्थिक कारोवार बैंकमार्फत गर्ने बानी बसाल्नु पर्दछ।

चाडपर्वको समय त्यसै पनि संवेदनशील अवस्था हो। यस्तो बेला धार्मिक, सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न पनि नागरिकको अहम् भूमिका हुनुपर्दछ। संविधानले नै नागरिकको कर्तव्य बारे प्रष्ट्याएको पनि छ। आफनो राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानूनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु नागरिकको प्रमुख कर्तव्य पनि हो। तसर्थ आउनुस्-आजैबाट आफनो कर्तव्यपालना गरौं। *(लेखक नेपालगञ्जका सक्रिय पत्रकार हुनुहुन्छ)*

## विश्व समाचार

### गाजामा इजरायली हवाई आक्रमणबाट प्यालेस्टाइनीको मृत्यु हुनेको संख्या ६ हजार पाँच सय नाघ्यो

गाजा, ८ कात्तिक, (रासस-सिन्ह्वा)।

गाजा पट्टीमा इजरायली हवाई हमलाबाट मृत्यु हुने प्यालेस्टाइनीको संख्या ६,५४६ पुगेको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले बुधबार जनाएको छ।

यसैबीच तटीय एन्क्लेभमा १७ हजार ४३९ प्यालेस्टाइनीहरू घाइते भएको पनि मन्त्रालयले जनाएको छ।

अक्टोबर ७ मा इजरायली सैन्य क्षेत्र र शहरहरूमा हमासले ठूलो मात्रामा आक्रमण गरेपछि इजरायलमा कम्तिमा १ हजार ४०० व्यक्तिको मृत्यु भएको थियो।

### गाजामा आक्रमणका लागि हामी तयार छौं : आईडीएफ प्रमुख

तेलअविव, इजराइल, ८ कात्तिक (रासस/एएनआई)।

इजराइल प्रतिरक्षा फौज (आईडीएफ)ले दक्षिण सीमामा तैनाथस्थल सेना गाजामाथि 'आक्रमण'का लागि तयार रहेको घोषणा गरेको दि जेरुसेलम पोस्टले बताएको छ।

इजराइलको दक्षिणी सीमामा पत्रकारहरूलाई जानकारी दिँदै आईडीएफ प्रमुख हर्जी हलेवीले भन्नुभयो, "हामी आक्रमणका लागि तयार छौँ भन्नेबारमा म स्पष्ट हुन चाहन्छु।"

उहाँले आईडीएफ मुलुकको राजनीतिक क्षेत्रसँगको समन्वयमा गाजामाथि स्थल आक्रमणको 'सटिक समय'मा निर्णय लिने प्रक्रियामा रहेको बताउनुभयो।

अक्टोबर ७ मा हमासको इजराइलमाथि आतङ्ककारी हमलापछि गाजामाथि जवाफी आक्रमणमा भएको ढिलाइबारे उहाँले भन्नुभयो, "यो चरणमा सामरिक र रणनीतिक कारक छन्, हामीलाई तयार रहन र सुधार गर्न प्रत्येक मिनेटको उपयोगका लागि धेरै समय प्राप्त हुन्छ।" उहाँका अनुसार प्रत्येक मिनेट गुज्रिँदा दुश्मनमाथि अझ धेरै हमला भइरहेको छ।

"अर्को पक्षमा प्रत्येक मिनेट खेर जाँदा हामी शत्रुमाथि धेरै हमला गरिरहेका छौँ, उसका लडाकूलाई मारिरहेका छौँ, उसका कमान्डरहरूलाई मारिरहेका छौँ, उसको पूर्वाधारलाई नष्ट गरिरहेका छौँ र अर्को कदमका लागि धेरै जासुसी जानकारी बटुलिरहेका छौँ", हमासले इजराइली आक्रमणका लागि जति लामो समय पर्खिरहन्छ त्यति नै तनावग्रस्त हुने उल्लेख गर्दै उहाँले भन्नुभयो, "हामीले उनीहरूलाई तनावमा राखेका छौँ।"

### गाजामा भएको कारवाहीलाई लिएर राष्ट्रसंघका महासचिवको इजराइलद्वारा राजीनामा माग

न्युयोर्क (अमेरिका), ८ कात्तिक (रासस/एएनआई)।

अक्टोबर ७ मा हमासले गरेको आतङ्ककारी हमलापछि गाजामा इजराइलको जवाफी कारवाहीविरुद्ध संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको टिप्पणीलाई लिएर इजराइलले उहाँको राजीनामा माग गरेको छ।

राष्ट्रसङ्घमा इजराइली राजदूत गिलाड एर्डानले महासचिव गुटेरेसलाई राष्ट्रसङ्घको नेतृत्व गर्नका लागि 'अनुपयुक्त' भन्दै उहाँको राजीनामा माग गर्नुभयो।

"बालबालिका, महिला र बृद्धवृद्धाहरूको सामूहिक हत्याको अभियानामा समझदारी देखाउने महासचिव राष्ट्रसङ्घको नेतृत्व गर्न योग्य हुनुहुन्न, म उहाँलाई तुरुन्त राजीनामा दिन आग्रह गर्दछु, इजराइली नागरिक र यहुदीहरूका विरुद्ध भएको सबैभन्दा भयानक अत्याचारका लागि दया देखाउने महासचिवसँग कुरा गर्नुको कुनै औचित्य नै छैन", सामाजिक सञ्जाल एक्समा उहाँले भन्नुभयो।

राष्ट्रसङ्घका महासचिव गुटेरेसले हमासले गरेको हमला 'शून्यमा नभएको' भन्दै 'प्यालेस्टिनी नागरिकहरूको सामूहिक सजाय' लाई उचित नभएको भनी टिप्पणी गरेपछि इजराइलको उक्त भनाइ आएको हो।

"हमासले गरेको हमला शुन्यमा भएको होइन भन्ने कुरालाई पनि मान्यता दिनु महत्वपूर्ण हो, प्यालेस्टिनी जनता ५६ वर्षदेखि दमनकारी कब्जामा परेका छन्, उनीहरूले आफ्नो भूमि निरन्तर बस्तीको व्यवस्थापन र हिंसाबाट ग्रस्त भएको देखेका छन्, उनीहरूको अर्थतन्त्र अवरुद्ध भएको छ, उनीहरूका मानिस विस्थापित भएका छन् र घर ध्वस्त भएको छ, आफ्नो दुर्दशाको राजनीतिक समाधान हुने उनीहरूको अपेक्षा हराउँदै गइरहेको छ", महासभामा महासचिव गुटेरेसले भन्नुभयो, "प्यालेस्टिनी जनताको गुनासोहरूले हमासले गरेको भयानक हमलालाई उचित ठहर गर्न सक्तैन, ती भयानक हमलाले प्यालेस्टिनी जनताको सामूहिक सजायलाई उचित ठहर गर्न सक्तैन।"

# खर्चिलो निर्वाचन प्रणाली सुधार गर्नुपर्छ

**नारायण न्यौपाने/रासस**
काठमाडौँ, ८ कात्तिक ।

नेपाली कांग्रेसका नेता ऐनबहादुर शाही ठकुरी कानुन निर्माणसँगै आफ्नो जिल्लाका विकास निर्माण र जनताका समस्याका बारेमा सदनबाट सरकारको ध्यानाकर्षण गराउनु सांसदको प्रमुख जिम्मेवारी भएको बताउनुहुन्छ ।

सांसदसँग रासस संवादमा उहाँले सङ्घीय संसद्मा आफ्नो पहिलो प्रवेश भएकाले संसदीय अभ्यासको सिकाइसँगै कानुन निर्माण र जनताका समजल्दाबल्दा विषयबस्तु सदनमार्फत सम्बोधन गर्न/ गराउन आफू क्रियाशील रहेको प्रतिक्रिया दिनुभयो ।

सांसद शाही भन्नुहुन्छ, "जिल्लावासीले कानुनभन्दा विकास निर्माण चाहेका छन् । प्राकृतिक विपत्तिबाट र आगलागीबाट पीडितलाई सहयोग एवं पुन:स्थापना, स्वास्थ्य, शिक्षा, खानेपानी, सडक र सिँचाइ समस्यामा आवाज उठाइरहेको छु ।"

विक्रम सम्वत् २०४३ मा नेपाल विद्यार्थी सङ्घबाट राजनीतिमा प्रवेश गर्नुभएका शाहीले सङ्घको कर्णाली काठमाडौँ सम्पर्क समिति उपसभापति, २०४८मा मुगुबाट नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि, जिल्ला कार्यसमिति सदस्य हुँदै २०५९ मा नेपाली कांग्रेस प्रजातान्त्रिकको जिल्ला सभापति भएर काम गर्नुभयो ।

पार्टी एकीकरणपछि २०६७ र २०७८ मा नेपाली कांग्रेस मुगुका सभापति बन्नुभएका शाहीले पाँच वर्ष अध्यापन पनि गर्नुभयो ।

प्रतिनिधिसभाले मिटर ब्याजसम्बन्धी एउटा मात्र विधेयक पारित गरेको उल्लेख गर्दै उहाँले अन्य विधेयक विचाराधीन रहेको बताउनुभयो । कानुन निर्माणको मुख्य दायित्वभन्दा अन्य विषयमा अल्मलिँदा जनअपेक्षाअनुसार संसद्ले काम गर्न नसकेको बताउँदै सांसद शाही भन्नुहुन्छ, "हाम्रो मुख्य दायित्व भनेको कानुन बनाउने हो तर जनतालाई राज्यबाट सहज र सुलभ सेवा उपलब्ध गराउन सरकारलाई झकझक्याउनु पनि हाम्रो जिम्मेवारी हो ।"

मुलुकले सङ्घीय शासन प्रणालीलाई आत्मसात गरेपछि सबभन्दा बढी विकासनिर्माणसँग स्थानीय तह जोडिए तापनि पुरानो अभ्यास र निर्वाचनका बेला गरेको वाचाका कारण ससाना विकास र बिरामीको उपचारमा समेत सांसदले सहयोग गर्नुपर्ने बाध्यता रहेको वास्तविकता उहाँले सुनाउनुभयो ।

सांसद शाही भन्नुहुन्छ, "कानुन निर्माणको पहिलो जिम्मेवारीप्रति हामी सचेत छौँ, विकास-निर्माणका कामलाई गति दिने जिम्मेवारी पनि छ । जनताका माग हामीले नै सम्बोधन गर्नुपर्छ भन्ने मान्यता जनतामा छ । विकासका जनचाहना पूरा गर्न मन्त्रालय धाउनु र मन्त्रीलाई भेट्नु दैनिकी नै बनेको छ ।"

वर्तमान निर्वाचन प्रणाली खर्चिलो भएकाले त्यसमा व्यापक सुधारको खाँचो औँल्याउँदै उहाँले निष्ठाको राजनीति गर्ने सामान्य परिवारको व्यक्तिलाई चुनाव लड्नु चुनौतीपूर्ण भएको बताउनुभयो ।

समाजमा सबैतिर सुशासनको विषय उठिरहेको बताउँदै उहाँले भन्नुभयो, "जनता निराश भएका छन्, विगतको शासन प्रणाली ठीक नभएर गणतन्त्रको विकल्प रोजियो तर जनताले सुशासनको अनुभूति गर्न पाएका छैनन् ।" भ्रष्टाचार निवारणको प्रतिबद्धता व्यवहारमा लागू नहुँदा जनतामा निराश भएका उहाँको विश्लेषण छ ।

रोजगारीको अभावमा युवावर्ग विदेश पलायन भएकामा चिन्ता व्यक्त गर्दै सांसद शाहीले स्वदेशमा नै रोजगारीका अवसर उपलब्ध गराउन सके अर्थतन्त्रमा पनि टेवा पुग्ने बताउनुभयो । उच्च शिक्षाका निम्ति विदेशिनेको लस्करले पनि उहाँलाई चिन्तित तुल्याएको छ, भन्नुभयो, "शिक्षा सहज छैन, भोलि यो पढेर राम्रो अवसर र रोजगारीको सुनिश्चिता हुन्छ भन्ने पनि भएन । भविष्यको सुनिश्चितताको विकल्प खोज्ने क्रममा युवा विद्यार्थी विदेश जानु पर्ने बाध्यात्मक परिस्थिति उत्पन्न भएको छ ।"

चिकित्सा र इन्जिनियरिङ मात्र होइन, अरु विषयको पढाइ पनि नेपालमा निकै महँगो हुँदै गरेको बताउँदै सांसद शाहीले शिक्षा सर्वसुलभ नभएको, विपन्न वर्गका विद्यार्थीले ती विषय पढ्ने कल्पना पनि गर्न नसक्ने भएकाले यस क्षेत्रमा तत्काल सुधार हुनुपर्ने बताउनुभयो । आन्दोलन नगरी कुनै माग सुनुवाइ नहुने स्थिति आउनु विडम्बना भएको टिप्पणी गर्नुभयो ।

# तीन जहाज खरिदका लागि बोलपत्र आह्वान

काठमाडौँ, ८ कात्तिक (रासस) ।

नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले तीन वटा जहाज खरिदका लागि बोलपत्र आह्वान गरेको छ । दुर्गम क्षेत्रमा उडानका लागि तीन जहाज खरिदका लागि बोलपत्र आह्वान गरिएको निगमले जनाएको छ ।

निगमले दुर्गम क्षेत्रमा उडानका लागि तीन ट्वीनअटर खरिद गर्न लागेको हो । ती जहाज निगमले आन्तरिक स्रोतबाट खरिद गर्ने जनाइएको छ ।

निगमसँग हाल आन्तरिक उडानतर्फ दुई वटा ट्वीनअटर जहाज छन् ।

## *सुरक्षाकर्मी परिचालन...*

भएको मेला व्यवस्थापन समितिका अध्यक्ष पङ्कज कर्णले जानकारी दिनुभयो ।

मलङ्गवाको जिल्ला विकास चोकको मूर्ति विसर्जनका लागि सहजीकरण भइरहेको प्रहरीले जनाएको छ ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरी**

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*